आज मिति २०७७ साल साउन २३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ८३ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति २१, कर्ण गुरुङ, का.वा. वडाअध्यक्ष

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

# नगरकार्यपालिकाको मिति २०७७/०४/२३ गतेको ८३ औ वैठकको निर्णयहरु

**निर्णय नं. १ :** आजैका मितिदेखि यस नगरपालिकाको वडा नं ७, ८ र ९ मा रहेका मर्स्याङदी नदी किनाराका घाटहरुको स्थलगत अवलोकन गर्ने, प्रत्येक घाटबाट २०७७ आश्विन मसान्तसम्म संकलन हुन सक्ने बालुवाको अनुमान गर्ने तथा २०७७ आश्विन मसान्तसम्मको लागि प्रति ट्र्याक्टर रु पाँच सय का दरले सो स्थानका बालुवा उत्खनन गर्न इच्छुक संस्था, फर्म वा व्यक्तिलाई जिम्मा दिने गरि कामको प्रबन्ध मिलाउने जिम्मेवारी सम्बन्धित वडाहरुलाई दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** नगर स्तरीय दररेट निर्धारण सम्बन्धमा :

१. यस नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सबै प्रकारका आयोजना तथा कार्यक्रमहरुलाई सान्दर्भिक, मीतव्ययी, प्रभावकारी र दीगो बनाउन उक्त आयोजना तथा कार्यक्रमहरु सञ्चालनका क्रममा आवश्यक पर्ने निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको न्यूनतम दररेट निर्धारण गर्ने निर्णय गरियो ।

२. निर्धारित दररेटमा समावेश नभएका कुनै वस्तु तथा सेवा खरिद गर्नुपर्ने परिस्थिति सिर्जना भएमा कामसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय वा विभाग वा लमजुङ जिल्लाको दररेट वा छिमेकी पालिकाहरुको दररेट वा छिमेकी जिल्लाको दररेटलाई आधार मानी आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

३. बूँदा नं २. मा समेत समावेश नभएका कुनै वस्तु तथा सेवा खरिद गर्नुपर्ने परिस्थिति सिर्जना भएमा प्रचलित बजार दरलाई आधार मानी आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

४. मेशिनरी औजार तथा सामग्री, ईलेक्ट्रोनिक सामग्री जस्ता विशिष्ट प्रकृतिका सामग्रीहरु खरिद गर्नुपर्ने भएमा मान्यता प्राप्त उत्पादक कम्पनी वा वितरकबाट निर्धारण गरिएको प्रचलित बजार दरलाई आधार मान्ने निर्णय गरियो ।

५. श्रमिकको ज्यालादर निर्धारण गर्दा श्रमिकको उमेर १६ वर्ष माथि दैनिक काम गर्ने अवधि आठ घण्टा र नेपाल राष्ट्र बैंकको ज्यालादर सूचकांकलाई आधार मानी निर्धारण गरियो ।

६. पुरातात्विक महत्वका विभिन्न निर्माण कार्यहरुमा विशेष प्रकारको दक्षता र सीप भएका श्रमिकहरुको प्रयोग हुने भएकाले ती श्रमिकहरुको दैनिक ज्यालादर पुरातत्व विभागबाट स्वीकृत दररेट कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** सामाजिक सुरक्षा सम्बन्धमा:

क) नगर कार्यपालिकाको कार्यालय बाट विगतमा जस्तै सबै लाभाग्रहिहरुका लागि सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीहरुको बैंक खातामा जम्मा गर्ने गरी सम्बन्धित बैंकमा पठाएको,

ख) नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागको प सं ०७६/०७७, च नं १७६५ मिति २०७६/३/८ को पत्र अनुसार विदेशी सरकारबाट पेन्सन सुबिधा पाउने जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता नदिन निर्देशन भएको,

ग) मन्त्रालयको पत्र अनुसार सबै वडाहरुमा भारतीय सरकार लगायत विदेशी सरकारबाट पेन्सन खाने लाभाग्रहीको नामावली प्राप्त भएको,

घ) कार्यालयले विदेशी सरकारबाट पेन्सन खाने लाभग्राहीहरुलाई सा. सु. भत्ता नदिन बैंकहरुमा पत्राचार गरेकाले निजहरुलाई २०७६ चैत्रदेखि भत्ता वितरण नगरिएको,

ङ) निज लाभाग्रहिहरुबाट मन्त्रि स्तरीय निर्णय सम्मको मितिको सा सु भत्ता आन्फुहरुले पाउनुपर्ने गुनासो आएको सन्दर्भमा,

विदेशी सरकारबाट पेन्सन सुविधा पाउने लाभग्रहीको सा सु भत्ता रोकिएकोमा २०७६ चैत्र देखी २०७७ असार १७ सम्मको जम्मा ३महिना र १७ दिन बराबरको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन सम्बन्धित बैंकहरुलाई प्रमुख प्रसासकीय अधिकृतले पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : हालसालैको बर्षाले क्षति पुगेका यस जिल्लाका दुई पालिकहरु मर्स्याङ्दी गाउँपालिका र मध्य नेपाल नगरपालिका लाई राहत सहयोग स्वरूप क्रमश रु एक लाख र रु पचास हजार आर्थिक सहायता कोषबाट प्रदान गर्ने निर्णय गरियो।

२०७७/०४/२३

जनकराज मिश्र
प्रमुख